अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०७ संख्या : २५ मिति : २०८०/११/३०

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

**सुदुरपश्चिम प्रदेश**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको बाली तथा पशु बीमा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८०

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः**
**२०८०।११।२९**

**<u>प्रस्तावनाः</u>** कृषि क्षेत्रको सम्भावित जोखिम कम गरी गाउँपालिका क्षेत्रभित्रका कृषकहरुलाई बालीनाली तथा पशुपंछीहरुको क्षतिबाट राहत दिन र बाली तथा पशु बीमालाई प्रबर्द्धन गर्दै कृषकहरुलाई कृषि क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्न वान्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), तथा अपिहिमाल गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले देहायको कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "अपिहिमाल गाउँपालिकाको बाली तथा पशु बीमा प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "गाउँपालिका" भन्नाले अपिहिमाल गाउँपालिका सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ग) "अध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ। सो शब्दले गाउँपालिका अन्तरका वडाका वडा अध्यक्ष समेतलाई सम्झनु पर्दछ।

(घ) "उपाध्यक्ष" भन्नाले अपिहिमाल गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अपिहिमाल गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(च) "आर्थिक विकास समिति" भन्नाले अपिहिमाल गाउँ कार्यपालिकाको आर्थिक विकास समिति सम्झनु पर्दछ।

(छ) "कार्यालय" भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ। सो शब्दले गाउँपालिका अन्तरगतका वडाका वडा कार्यालय समेतलाई जनाउदछ।

(ज) "बाली बीमा" भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले कृषि उपजमा पर्ने भनि निर्धारण गरेका बस्तुहरुको बीमालाई सम्झनु पर्दछ।

(झ) "पशु बीमा" भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले तोकेको पशुपंछी तथा माछा वर्गमा पर्ने निर्धारण गरेका पशुपंछीहरुको बीमालाई सम्झनु पर्दछ।

(ञ) "बीमाको लागि जोखिम (Risk)" भन्नाले आर्थिक क्षतिको अनिश्चितता सम्झनु पर्दछ।

(ट) "बीमा अभिकर्ता" भन्नाले कृषि तथा पशुपंछी बीमा सम्बन्धी तालिम लिई राष्ट्रिय बीमा समितिबाट इजाजत प्राप्त व्यक्तिलाई सम्झनु पर्दछ।

(ठ) "बिमक" भन्नाले बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पर्दछ।

(ड) "बीमित बाली तथा पशुपंछी" भन्नाले बीमा गरिएका बाली तथा पशुपंछी सम्झनु पर्दछ।

(ढ) "बीमित" भन्नाले गाउँपालिका क्षेत्रभित्रका बीमा गराउने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ।

(ण) "बीमा अवधि" भन्नाले रक्षावरणको अवधि वा बीमा लेखको अवधि सम्झनु पर्दछ।

(त) "बीमाङ्क रकम" भन्नाले बीमालेख बमोजिम बाली तथा पशुपंछीको रक्षावरण गरिएको रकम सम्झनु पर्दछ।

(थ) "बीमा शुल्क (प्रिमियम)" भन्नाले बीमा गरेबापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्दछ।

(द) "काबु भन्दा बाहिरको परिस्थिति" भन्नाले बाढी, पहिरो, खडेरी, अतिबृष्टि, अनाबृष्टि, असिना, हिँउ, तुसारो, रोग तथा कीराहरु, भूकम्प, चट्टयाङ, आगलागी तथा दुर्घटना जस्ता विभिन्नका परिस्थितिलाई सम्झनु पर्दछ।

(ध) "दुर्घटना" भन्नाले बाहिरी आखाले स्पष्ट देख्न सकिने र सांघातिक, आकस्मिक र अप्रत्यासित घटना सम्झनु पर्दछ।

(न) "दाबी" भन्नाले बीमा गरिएको वस्तु तथा पशुपंछीको क्षति बापत बीमित द्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्दछ।

(प) "रक्षावरण" भन्नाले बाली तथा पशुपंछीको क्षतिको क्षतिपूर्ति प्रदान गर्नका लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्दछ।

(फ) "क्षतिपूर्ति" भन्नाले कृषि विकास शाखालाई सम्झनु पर्दछ । सो शब्दले पशुपंछी सेवा इकाई समेतलाई सम्झनु पर्दछ।

३. **उदेश्यहरुः** बाली तथा पशु बीमा प्रोत्साहन कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ।

(क) कृषकको काबुभन्दा बाहिरको परिस्थितिबाट हुन सक्ने सम्भावित जोखिम न्यूनीकरण गरी कृषकहरुलाई व्यवसायिकता तर्फ आकर्षित गर्न सहयोग गर्ने।

## परिच्छेद-२

## कार्यक्रम संचालन सम्बन्धी

४. **कार्यक्रम कार्यान्यवनका क्षेत्रहरुः** यो कार्यक्रम अपिहिमाल गाउँपालिका अन्तरगतका सम्पूण वडाहरुमा संचालन हुनेछ।

५. **कार्यक्रम संचालन प्रक्रियाः** बिमा सम्बन्धी कार्यक्रम देहाय बमोजिम संचालन गरिने छ।

(क) बीमा सम्बन्धी कृषकस्तर सचेतना कार्यक्रमः बीमा सम्बन्धी कृषकस्तरमा सचेतना अभिवृद्धि गर्नको लागि प्रत्येक वडामा एक दिने तालिम गोष्ठी संचालन गरिने छ।

(ख) बाली बीमा प्रोत्साहन कार्यक्रमः

(१) गाउँपालिकाको कृषि विकास शाखाले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना आव्हान गर्नेछ।

(२) अनुदान प्राप्त गर्न इच्छुक कृषकले बाली बीमा गरी कृषि विकास शाखाले उपलब्ध गराएको अनुसूची-२ ढाँचाको निवेदन पेश गर्नुपर्नेछ।

(३) आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि विनियोजित सम्पूण बजेट खर्च भएमा कार्यक्रम स्वतःसमाप्त हुनेछ।

(४) बीमा समितिले तयार गरेको बीमालेखमा आधारित शर्तहरुमा रहेर बाली बीमा गर्नुपर्नेछ।

(५) रक्षावरण गर्ने जोखिमहरु क्षतिपूर्ति नदिने अवस्थाहरु बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

(६) बीमा सचेतना तथा बाली बीमा प्रोत्साहन कार्यक्रमबाट बाली बीमा गराए बापत कृषकहरुले व्यहोरेको बीमा शुल्कको (प्रिमियम) पचास प्रतिशत रकम गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ।

(ग) पशु बीमा प्रोत्साहन कार्यक्रमः

(१) गाउँपालिकाको पशुपंछी सेवा इकाईले अनुसूची-१ बमोजिम सार्वजनिक सूचना आव्हान गर्नेछ।

(२) अनुदान प्राप्त गर्न इच्छुक कृषकले पशु बीमा गरी पशु सेवा इकाईले उपलब्ध गराएको अनुसूची-२ ढाँचाको निवेदन पेश गर्नुपर्नेछ।

(३) आषाढ मसान्त अगावै यस कार्यक्रमका लागि विनियोजित सम्पूण बजेट खर्च भएमा कार्यक्रम स्वतःसमाप्त हुनेछ।

(४) बीमा समितिले तयार गरेको बीमालेखमा आधारित शर्तहरुमा रहेर पशु बीमा गर्नुपर्नेछ।

(५) रक्षावरण गर्ने जोखिमहरु क्षतिपूर्ति नदिने अवस्थाहरु बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

(६) बीमा सचेतना तथा पशु बीमा प्रोत्साहन कार्यक्रमबाट पशु बीमा गराए बापत कृषकहरुले व्यहोरेको

(७) बीमा शुल्कको (प्रिमियम) पचास प्रतिशत रकम गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ।

## परिच्छेद-३

## बीमा शुल्क भुक्तानी लिने प्रक्रिया

६. **अनुदान रकम र भुक्तानी प्रक्रिया** : बाली तथा पशु बीमा गर्दा कायम हुने बीमा शुल्कको असी प्रतिशत रकम नेपाल सरकारबाट अनुदानको व्यवस्था हुनेछ। कृषकले बीमा प्रिमियम बापत बीस प्रतिशत तिरेको रकमको पचास प्रतिशतले हुन आउने रकम गाउँपालिकाले देहायको मापदण्डमा रही भुक्तानी दिनेछ।

(क) अनुदान रकम माग गरेको अनुसूची-२ बमोजिमको ढाँचाको निवेदन।

(ख) बाली बीमा गरेको बीमालेख र रसिद साथै नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।

(ग) कृषकले पेश गरेको भुक्तानी निवेदन साथै आवश्यक कागजातहरु प्रमाणित गरेपश्चात कृषकले तिरेको बीमा शुल्कको पचास प्रतिशत रकम भुक्तानी कार्यालयले गर्नुपर्नेछ।

(घ) सम्बन्धित शाखाको सिफारिस।

(ङ) पहिला आवेदन दिनेलाई प्राथमिकता दिइनेछ।

(च) बजेटको परिधिभित्र रही भुक्तानी दिइनेछ।

## परिच्छेद-४
## विविध

७. **संशोधन तथा बाधा अडकाउ फुकाउः** (१) यस कार्यविधिलाई कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन, संशोधन र खारेज गर्न सक्नेछ।

(२) यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

८. **यस कार्यविधि बमोजिम हुने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यविधिमा लेखिएका कुरा यसै कार्यविधि बमोजिम हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस कार्यविधिमा लेखएका कुरा संविधान संघीय कानून, प्रदेश कानून र गाउँपालिकाको अन्य ऐनसंग वाझिएमा बाझिएको हदसम्म स्वतः वदर वा खारेजी हुनेछ।

अपिहिमाल गाउँपालिका

**अनुसूची-१**

**(दफा ५ को उपदफा (२) र (३) संग सम्बन्धित)**

**<u>सूचना</u>**

अपिहिमाल कृषि तथा पशु सेवा शाखाको वार्षिक स्वीकृत...........कार्यक्रम अन्तरगत बाली तथा पशु बीमाको प्रिमियममा अनुदानको लागि तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुबाट आवेदनका लागि यो सूचना प्रकाशित गरिएको छ। इच्छुक कृषकले यो सूचना प्रकाशन भएको मितिले कार्यक्रम समाप्तिको सूचना प्रकाशन नहुँदा सम्म तोकिएको ढाँचा अनुसारको आवेदन फारम कृषि सेवा शाखामा पेश गर्नुपर्ने छ। थप जानकारीको लागि सम्बन्धित शाखाको फोन नं................ मा सम्पर्क गर्न सकिनेछ।

**आवश्यक कागजातहरुः**

१. अपिहिमाल गाउँपालिका कृषि वा पशु सेवा शाखाले उपलब्ध गराएको ढाँचाको निवेदन।
२. बाली तथा पशु बीमा गरेको बीमालेख र रसिदको प्रतिलिपि।
३. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
४. फर्म भएमा फर्म दर्ता तथा नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि।
५. बैंक खाता नम्बर प्रमाणित हुने गरिएको कागजात।
६. आ.व.....को तिरो तिरेको रसिदको प्रतिलिपि।

अपिहिमाल गाउँपालिका

**अनुसूची-२**
**(दफा ५ को उपदफा (२) र (३) संग सम्बन्धित)**
**निवेदनको ढाँचा**

मितिः

श्री अपिहिमाल गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
खण्डेश्वरी, दार्चुला।

विषय- बीमा प्रिमियमको अनुदान रकम भुक्तानी सम्बन्धमा।

प्रस्तुत विषयमा अपिहिमाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कृषि/पशु सेवा शाखा खण्डेश्वरीको मिति ......... गतेको सूचना अनुसार............. कार्यक्रम अन्तरगत बाली तथा पशु बीमाको प्रिमियममा पाउँने ५०% अनुदान रकम भुक्तानीको लागि यसै निवेदन साथ कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

तपसिलः

| | |
|---|---|
| १ | निवेदक |
| २ | दस्तखत |
| ३ | नाम |
| ४ | ठेगाना |
| ५ | नागरिकता नम्बर |
| | सम्पर्क नम्बर |

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत